



# मानिसलाई मुनाफामा परिणत गरिँदै

नेपाली आप्रवासी श्रमिकहरुको ज्यादतीयुक्त भर्ना, बेचविखन र जबरजस्ती श्रम

AMNESTY INTERNATIONAL

एम्नेस्टी इन्टरनेसनल ७० लाख भन्दा बढी त्यस्ता व्यक्तिहरुको विश्वव्यापी अभियान हो जो हरेक व्यक्तिले सबै मानवअधिकारहरु उपभोग गर्न पाएको विश्व निर्माणको खातिर अभियानरत छन् ।

मानवअधिकारको विश्वव्यापी घोषणा तथा मानवअधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय मापदण्डमा व्यवस्था गरिए बमोजिमका सबै अधिकारहरु हरेक व्यक्तिले उपभोग गर्न पाउन् भन्ने हाम्रो परिदृश्य रहेको छ ।

हामी कुनै पनि सरकार, राजनैतिक विचार, आर्थिक लाभ वा धार्मिक आस्थाका हिसावले तटस्थ छौं । हाम्रा सदस्यहरुले दिने सहयोग रकम र सार्वजनिक रुपमा हामीलाई दिइने सहयोगबाट नै हाम्रो आर्थिक खर्च धान्ने गरिन्छ ।

© एम्नेस्टी इन्टरनेसनल २०१७

अन्यथा उल्लेख गरिएको अवस्था वाहेक यस दस्तावेजमा उल्लेख गरिएका विषयवस्तुहरु क्रिएटिभ कमन्सको अनुमतिपत्र (स्वामित्व ग्रहण, गैर व्यापारिक, पुनरुत्पादन गर्न नसकिने, अन्तर्राष्ट्रिय ४.०) अन्तर्गतको अनुमति (लाइसेन्स) प्राप्त छ । https://creativecommons.org/licenses/by-nc-nd/4.0/legalcode

थप जानकारीका लागि कृपया हाम्रो वेवसाइट www.amnesty.orgको आधिकारिक पेज हेर्नुहोस् । यदि कतै एम्नेस्टी इन्टरनेसनल भन्दा इतरलाई सामग्रीको अधिकारवालाको रुपमा उल्लेख गरिएको अवस्थामा यो सामग्री क्रिएटिभ कमन्स लाइसेन्स वेगरको मानिनेछ ।

प्रथम संस्करण सन् २०१७ (वि.सं. २०७४)
एम्नेस्टी इन्टरनेसनल
पीटर बेनेन्सन हाउस,1 Easton Street
London WC1X 0DW, UK

**Index: ASA 31/6206/2017**
**मूल भाषा : अङ्ग्रेजी**
**नेपाली अनुवाद : रामेश्वर नेपाल**

← आवरण तस्वीर © कोलिन फु

**amnesty.org**

AMNESTY INTERNATIONAL

# १. सारसंक्षेप

**“वैदेशिक रोजगारीमा जानका लागि नि:शुल्क भन्ने केही कुरा पनि छैन । कतिखेर जाउँ भनी आतुर रहेकाहरुले विदेशमा काम पाउनका लागि भनी धेरै ठूलो रकम - कहिलेकाँही त २,००,००० रुपैयाँ ( अर्थात् १,९३३ अमेरिकी डलर)- सम्म पनि तिरीरहेका छन् । जब उनीहरुले पैसा तिर्छन्, तव यहाँबाट गैसकेपछि उनीहरु के कस्तो अवस्थामा पर्छन् होला भनेर कसैले पनि कुनै मतलवै गर्दैन । उनीहरुलाई पठाउने व्यवसायीको उद्देश्य फगत मानिसहरुलाई किन्नु र बेच्नु मात्र हो । त्यपछि हाम्रा मान्छेहरु ज्यादतीमा पर्दछन्, किनकी उनीहरुलाई पशुभैं गरिने व्यापारबाट रोक्न सरकारले केही पनि गर्दैन । आप्रवासी श्रमिकहरुलाई (बजारमा) किन्ने र बेच्ने गरिनु हुँदैन । उनीहरुको आफ्नो जीवनमाथि उनीहरुकै आफैंले नियन्त्रण रहनु पर्दछ ।”**

-- सप्तरी जिल्लाका एकजना पूर्व आप्रवासी श्रमिक[1]

सप्तरी जिल्लाका ३९ वर्षिय सुरेशले वैदेशिक रोजगारीका लागि पहिलो पटक आफ्नो गाउँ छाडेर जाने निर्णयमा पुग्दाको वखतमा उनले आफू र आफ्ना परिवारको आर्थिक भविष्य थप सुदृढ भई आफ्नो जीवनचर्यामै परिवर्तनको अनुभव गर्न पाउने अपेक्षा राखेका थिए । उनले सबै भन्दा पहिला गाउँकै एकजना एजेन्टसँग सम्पर्क गरे जसलाई विदेशमा कामको अवसरहरुका बारेमा जानकारी थियो । एजेन्टसँग पनि खुशीको खवर थियो । उनलेसुरेशलाई मलेसियामा पञ्जा बनाउने एउटा उद्योगमा कामको प्रस्ताव गर्न सके । तलव पनि तुलनात्मक रुपमा बढी नै थियो, महिनाको १,८०० रिङ्गीट (४२० अमेरिकी डलर) र सेवासर्तहरु पनि राम्रै थियो, हप्तामा एक दिन छुट्टी, सुरक्षित कार्यस्थल र सफा आवास । एजेन्टले यतिसम्म पनि बताएका थिए कि सुरेशले त्यस कामबाट परिवारको लागि जग्गासम्म किन्न सक्ने गरी प्रशस्त पैसा बचाउन सक्नेछन् ।

तर यो अवसरको लागि लगानी लाग्दथ्यो । सुरेशले गाउँको एजेन्टलाई पनि रकम तिर्नु पर्‍यो र वहाँलाई खासमा यो अवसर दिलाउने कामको तारतम्य मिलाउने काठमाडौंमा रहेको वैदेशिक रोजगार एजेन्सीलाई पनि दिनु पर्‍यो । सो काम पाउनका लागि सुरेशले वार्षिक ३६% व्याजमा स्थानीय साहुसँग नेरु. २,५०,००० (अमेरिकी डलर २,४१६) ऋण लिनु भयो । भर्ना शुल्क अचाक्ली ज्यादा (र गैरकानुनी) भएतापनि सुरेशको एजेन्ट र काठमाडौंमा रहेको एजेन्सी दुवैले वहाँलाई यो कुरामा आश्वस्त बनाएकि मलेसियामा गएर कमाउन थालेपछि वहाँले त्यो ऋण चाँडै नै तिर्न सक्नुहुनेछ । यथार्थ भने एकदम फरक हुन पुग्यो । पञ्जा बनाउने उद्योगमा एक त वहाँलाई महिनौंसम्म तलव दिइएन । लामो अन्तरालपछि जब तलब दिइयो, त्यसमा वहाँको रोजगारदाताले विभिन्न नाममा रकम कटौती गरे, जुन कुरा सुरेशलाई पहिला भनिएको थिएन । सुरेशको पासपोर्ट पनि नियन्त्रणमा लिइएको हुनाले वहाँले त्यो काम छाडेर नयाँ काममा जान पनि सक्नुभएन । न त वहाँको रोजगारदाताले काम छाड्न नै दिए । यतिसम्मकी उद्योगबाट वाहिर निस्कन समेत दिइदैनथ्यो । ज्यादै चिन्तित भएर सुरेशले आफूलाई भर्ना गरिदिने वैदेशिक रोजगार एजेन्सीबाट सहयोग खोज्दै सम्पर्क गर्नुभयो । तर उनीहरुले वहाँको फोनको जवाफै फर्काएनन् ।

जब सुरेश सन् २०१५ मा बल्लबल्ल नेपाल फर्केर आउन सक्नुभयो, पैसा कमाएर ल्याउनुको सट्टा उल्टै त्यतिबेलासम्म त पहिला लिएको समेत गरी ऋण बढेर नेरु. ५,५०,००० (अमेरिकी डलर ५,३१७) भैसकेको थियो । सन् २०१६ को जुन

[1]एम्नेस्टी इन्टरनेसनलले एन.वी.सँग २ जुलाई २०१६ मा काठमाडौंमा गरेको अन्तर्वार्ता

महिनामा एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएको बेलातिर सुरेश आफ्नै गाउँमै काम गरी मासिक अमेरिकी डलर ५० देखि १०० कमाई गर्दै हुनुहुन्थ्यो । ऋणको किस्ता भुक्तानीका लागि वहाँले आफ्नो घर र जग्गा बिक्री त गर्नुभयो । तर अझै पनि साहुलाई अमेरिकी डलर ५,००० जति तिर्न बाँकी रहेको थियो । यदि वहाँले राम्रो आय आर्जन हुने काम पाउन सक्नुभएन भने सुरेशलाई वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण तिर्न दशकौं लाग्नेछ ।[2]

सुरेशको घटना अपवाद भने होइन । नेपालका नीजि वैदेशिक रोजगार एजेन्सी र एजेन्टहरुबाट व्यापक मात्रामा हुने धोकापूर्ण र शोषणयुक्त व्यवहारलाई एम्नेस्टी इन्टरनेसनलले सन् २०११मा प्रकाशमा ल्याउँदै विद्यमान कानुनहरु कार्यान्वयन गर्न र ठगी एवं धोकापूर्ण तवरले भर्ना गरिएका कारण पीडितभएका आप्रवासी श्रमिकहरुलाई न्याय सुनिश्चित गर्ने मार्गमा नेपाल सरकार विफल भएकोप्रति एम्नेस्टी इन्टरनेसनलले गम्भीर चिन्ता प्रकट गरेको थियो । व्यापक मात्रामा राष्ट्रिय र अन्तर्राष्ट्रिय निगरानीहरु बढेपछि आप्रवासीश्रमिकहरुको संरक्षण गर्ने उद्देश्यका साथ नेपाल सरकारले विभिन्न नीतिहरु ल्यायो । भर्ना शुल्क न्युनीकरण गर्ने र नयाँ सूचना व्यवस्थापन प्रणाली मार्फत् भर्ना सम्बन्धी पारदर्शितामा सुधार गर्ने सरकारी प्रयासले अन्तर्राष्ट्रिय रुपमा केही प्रशंसा पनि हासिल गर्न सफल भयो ।

अहिले आएर पनि यस प्रतिवेदनले दरिलोसँग जरा गाडेर झाँगिएका त्यस्ता प्रवृत्तिहरुको ताजा प्रमाणहरु उजागर गरेको छ जसमा सुरेशको जस्ता वास्तविक रुपमा सम्बोधित हुन नसकेका घटनाहरु वृद्धि भएको र सरकारी सुधारका प्रयासहरुले ज्यादतीको मूल कारणलाई निराकरण गर्न नसकेको देखिएको छ । आप्रवासीश्रमिकहरु उपर शोषण गर्ने व्यक्ति तथा व्यवसायहरुलाई जिम्मेवार बनाउनमा थोरै मात्रै प्रगति भएको छ । आप्रवासन प्रक्रियाको सुरुदेखि अन्त्यसम्म नै आप्रवासीहरुखासगरी उत्रनै नसक्ने गरी ऋणको भार, जबरजस्ती श्रम, र विभिन्न प्रकारका शोषणको जोखिममा पर्ने गर्दछन् । यस्तो प्रवृत्तिलाई अन्त्य गर्ने अभिप्राय सहितको "निःशुल्क भिसा, निःशुल्क टिकट" सम्बन्धी सरकारको नीतिका बाबजुद उल्लेख्य संख्याका आप्रवासी श्रमिकहरुले काम पाउनका लागि तोकिएको भन्दा अत्यधिक धेरै रकम तिर्नु परिरहेको छ र उनीहरुले त्यस्तो अधिक रकम तिरेका थिए भन्ने कुरा प्रमाणित गर्न नसकुन् भन्ने अभिप्रायले नक्कली रसिद दिने गरिएको छ । धोकापूर्ण तवरले काममा भर्ना गरिएको र श्रम शोषणमा परी पीडित भएको जस्ता वखतमा समेत उनीहरुलाई नेपाली दुतावासबाट प्राप्त हुने सहायताको सिमितताका कारण नेपाली श्रमिकहरु विदेशमा रहँदाको बेलामा पनि अझ बढी अप्ठ्यारोमा पर्ने गरेका छन् ।

यो प्रतिवेदन नेपालमा र नेपाली आप्रवासी श्रमिकहरुको प्रमुख गन्तव्य देशमध्येको एक मलेसियामा विगत १४ महिनाको अवधिमा गरिएका पाँच पटकको अनुसन्धान भ्रमणका आधारमा तयार गरिएको हो । अनुसन्धानकर्ताहरुले नेपालका आठवटा जिल्लामा १२७ जना नेपाली आप्रवासी श्रमिकहरुसँग अन्तर्वार्ता गरेका थिए, जसमध्ये १७ जना त्यतिबेलासम्म काममा गैसकेका थिएनन् भने ११० जना गएर फर्किसकेकाहरु थिए । वैदेशिक रोजगारीमा गएर फर्किएका ११० मध्येका १०८ जना सन् २०११ देखि २०१६ को बीचको अवधिमा गई फर्किएकाहरु थिए । एम्नेस्टी इन्टरनेसनलले वैदेशिक रोजगार व्यवसायमा संलग्न व्यक्तिहरुको पनि अन्तर्वार्ता गरेको थियो, जसमा काठमाडौंमा रहेका २२ वटा नीजि वैदेशिक रोजगार एजेन्सी र चार जना स्थानीय एजेन्टहरुसँग कुराकानी गरिएको थियो । अनुसन्धानकर्ताहरुले जिल्लास्थित १८ जना अधिकारीहरु, ११ जना केन्द्रीय निकायका अधिकारीहरु र मलेसियास्थित नेपाली दुतावासका प्रतिनिधि समेतसँग अन्तर्वार्ता गरी सरकारी अधिकारीहरुको धारणाहरु पनि बुझेका थिए । कतिपय व्यक्तिहरुसँग एक भन्दा बढी पटक अन्तर्वार्ता गरिएको थियो भने यस प्रतिवेदनमा समाविष्ट केही जानकारीहरु वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डसँग गरिएको लिखित पत्राचारका माध्यमबाट प्राप्त भएका थिए । त्यसका अतिरिक्त यस संस्थाले नेपाली सञ्चारकर्मी, आप्रवासी श्रमिकहरुको अधिकारका लागि कार्यरत समूहहरु, नेपाली र मलेसियाली ट्रेडयुनियन समूहहरु, संयुक्त राष्ट्रसंघीय आप्रवासन विज्ञहरु र अन्तर्राष्ट्रिय दातृ निकायको समेत धारणाहरु लिएको थियो ।

## आप्रवासीश्रमिकहरुलाई डिस्पोजएवल वस्तुको जस्तो व्यवहार

आफ्नो देशमासन्तोषजनक कामको अभाव र आय आर्जनको अवसर नभएको हुनाले दशौं लाख नेपाली नागरिकहरु रोजगारीका लागि विश्वव्यापी अर्थतन्त्रतर्फ उन्मुख भएका छन् । सन् २०१५-२०१६ मा मात्रै ४,००,००० भन्दा बढी नेपाली पुरुष र महिलाहरुले स्वदेश छाडेका थिए जो त्यसअघि नै १०० भन्दा बढी गन्तव्य मुलुकमा कार्यरत दशौं लाख नेपाली आप्रवासीहरुसँग मिसिन पुगे । गएको २० वर्षमा सरकारले ४० लाख नेपाली नागरिकहरुलाई श्रम स्वीकृति प्रदान गरेको छ (जसले आप्रवासीहरुलाई काम गर्नका खातिर विदेश यात्रा गर्ने अनुमति प्रदान गर्दछ) । सो संख्या देशको कुल जनसंख्याको १४% को हाराहारी हुन आउँछ । यो संख्या सरकारी आधिकारिक अभिलेखमा उल्लेखित आप्रवासनको आँकडा मात्र हो, जसमा स्थलमार्गबाट भारतमा काम गर्न गएका लाखौंलाख नेपालीहरु समाविष्ट छैनन् । आप्रवासीश्रमिक र तिनका परिवारले ज्यादै ठूलो व्यक्तिगत त्याग गर्नु पर्ने भएतापनि वाह्य आप्रवासनको यो क्रम बढेर गैरहने नै अनुमान गर्न सकिन्छ ।

निर्वाह हुने गरी कमाई गर्न सक्ने प्रकृतिको काम स्वदेशमा अभाव हुनुको कारण नेपाली परिवारहरुको आप्रवासी श्रमिक सदस्यको आम्दानीमा निर्भरता बढ्दै गएको छ । विदेशबाट प्राप्त हुने विप्रेषण (रेमिटेन्स) ले नेपालको कुल गार्हस्थ उत्पादन (जिडीपी) मा ३०% हिस्सा योगदान गरेको छ, जसले गर्दा जिडीपी अनुपातका दृष्टिकोणले हेर्दा नेपाल विप्रेषणको

---

[2]एलबीसँग एम्नेस्टी इन्टरनेसनलले १९ जुन २०१६ मा सप्तरी जिल्लामा गरेको अन्तर्वार्ता
Amnesty Interview with LB in Saptari district, on 19 June 2016.

हिस्साबाट अर्थतन्त्र धानिएका उपल्लो सूचीका देशहरुमध्येको एक बन्न पुगेको छ । तर पनि नेपालको अर्थतन्त्रमा आप्रवासी श्रमिकहरुले पुऱ्याउने योगदान र सरकारले आप्रवासी श्रमिकहरुको सुरक्षा, अधिकार, आत्मसम्मान र दीर्घकालीन हितका लागि गर्ने लगानीको बीचमा ज्यादै ठूलो असन्तुलन रहेको छ । राज्यको राष्ट्रिय बजेटमा भने आप्रवासी श्रमिकहरुको संरक्षणको लागि कार्य गर्न व्यवस्था गरिएका सरकारी निकायहरुलाई अपत्यारिलो ढंगको न्युन अनुपातमा - १% भन्दा कम - वार्षिक बजेट विनियोजन गरिएको छ । गत वर्ष आप्रवासी श्रमिकहरुले ६१ अरब अमेरिकी डलर बराबर विप्रेषणको योगदान गरेतापनि सरकारले भने श्रमिक आप्रवासनको व्यवस्थापन गर्ने एवं आप्रवासीहरुलाई सेवा प्रदान गर्ने निकाय वैदेशिक रोजगार विभागलाई दश लाख अमेरिकी डलर भन्दा पनि कम बजेट विनियोजन गऱ्यो ।

विदेशमा पनि नेपाली आप्रवासीहरु उपर तल्लो दर्जाको र एक पटकको प्रयोग पश्चात् परित्यक्त गरिने (डिस्पोजएवल) वस्तुको जस्तो व्यवहार हुने गरेको छ, जसले गर्दा उनीहरुको आधारभूत मानवअधिकार तथा श्रमिक अधिकारहरुको अवमूल्यन भएको छ । मलेसिया, खाडी राष्ट्र र अन्यत्र सस्तो नेपाली श्रमले निर्माण, उत्पादन, सुरक्षा, र सेवाक्षेत्र जस्ता प्रमुख आर्थिक क्षेत्रको अभिवृद्धिका लागि योगदान पुऱ्याएको छ । तर त्यसको सट्टामा नेपाली र अन्य आप्रवासी श्रमिकहरुले न्युन अधिकार सहित दुईदेखि तीन वर्ष अवधिका लागि काम पाउँदछन् । अनुसन्धानकर्ताहरुले कुराकानी गरेका नेपाली श्रमिकहरुले मेहनतपूर्वक र थोरै दिन मात्र फुर्सद लिएर गरेको काम बापतको पूरै तलव समयमै पाउनका लागि पनि निरन्तरको सास्ती भोग्नु परेको थियो । केही व्यवसायहरुले नेपाली श्रमिक र अन्य आप्रवासी श्रमिक व्यक्तिहरु उपर यस प्रकारको ज्यादती र शोषण गरेर ज्यादै अथाहामुनाफा समेत कमाएका छन् ।

## भर्ना सम्बन्धी ज्यादतीको बोझ सहँदै

विदेशस्थित रोजगारदाताहरुसँग सोझै सम्पर्क र रोजगारीको अवसरको अभाव हुनुले वैदेशिक रोजगारीमा जान इच्छुक नेपालका आप्रवासी श्रमिकहरु वैदेशिक रोजगारीको अवसर, यात्रा तथा श्रम स्वीकृति कसरी पाउन सकिन्छ भन्ने आधिकारिक सूचना र वैदेशिक रोजगारीसँग सम्बद्ध अन्य अत्यावश्यक जानकारीहरु लिन तह तहमा रहेका नीजि वैदेशिक रोजगार एजेन्ट तथा एजेन्सीहरुसँग निर्भर रहेका छन् ।श्रम मध्यस्थकर्ता र भर्ना सम्बन्धी चरणहरु (रिक्रुटमेन्ट चेन) उपरकमजोर सरकारी अनुगमनका कारणले गर्दा रोजगारीको लागि आतुर व्यक्तिहरु माथि जालसाँझी, ठगी, र शोषण हुन सक्ने अनगिन्ती सम्भावनाहरु पैदा गरेको छ ।

नेपालको भर्ना प्रणालीले रोजगारीको अवसरको खोजिमा रहेका व्यक्तिहरुमा नैराश्यता बढाएको छ जसले गर्दा वैदेशिक रोजगार व्यवसायीहरुलाई भर्ना शुल्क असुल्न र रकम तिर्न सक्नेलाई मात्र विदेश पठाउन मौका प्राप्त भएको छ । “यहाँ ( भर्ना) शुल्कको दरमा कुनै निश्चितता छैन । हामी हरेकले फरक फरक रकम तिरीरहेका छौं,” पूर्व आप्रवासी श्रमिक विमलले भन्नुभयो, “यदि हामीले यो शुल्क दरका बारेमा उजुरी गऱ्यौं भने एजेन्टले भन्दछः 'तिमीलाई विदेश जान मन छ कि छैन' र त्यो नै कुराकानीको अन्त्य हुन्छ ।” आप्रवासीले एजेन्टलाई पैसा बुझाइसकेपछि भर्ना प्रक्रियासँग सम्बन्धित आधारभूत निर्णयहरु लिन तथा पालना गरिनु पर्ने प्रक्रियाहरु उपरको सबै नियन्त्रण उनीहरुले गुमाउन पुग्दछन् ।

एम्नेस्टी इन्टरनेसनलले कुराकानी गरेका कामको खोजीमा रहेकाहरुले बताए अनुसार उनीहरुले विदेशमा काम गर्न जानका लागि स्थानीय एजेन्ट र वैदेशिक रोजगार एजेन्सीलाई गरी औसत १,३४६ अमेरिकी डलर (नेरु. १,३७,०००) तिरेका थिए । उनीहरुमध्ये धेरैजसो सन् २०१५ अगाडि नै गएकाहरु थिए र सो औसत रकम त्यतिबेलाका लागि तोकिएको सीमा भन्दा ५४९ अमेरिकी डलरले बढी हो । कतिपय घटनामा त वैदेशिक रोजगार एजेन्टहरुले तोकिएको कानुनी सीमाभन्दा तीन वा चार गुणासम्म बढी शुल्क असुलेका थिए । व्यवसायीहरुले आप्रवासीहरुसँग उनीहरु विदेश जानुभन्दा अगाडि नै शुल्क रकम माग्ने हुनाले फर्किएर आएकाहरुमध्ये झण्डै आधासंख्याका आप्रवासीहरुले आफू काममा जानका लागि कानुनी सीमा भन्दा अत्यधिक धेरै तिरेको सो भर्ना शुल्कको जोहो उच्च व्याजदरमा ऋण लिनु परेको थियो ।

अनुसन्धानकर्ताहरुले यो पनि पत्ता लगाए कि व्यवसायीहरुले आप्रवासीहरुसँग तोकिएभन्दा बढी रकम असुल्नुको एउटै मात्र कारण मुनाफा कमाउनका लागि नै थियो । यो अभ्यासले गन्तव्य मुलुकका तिनका ग्राहकहरुलाई पनि खुशी राख्दछ । “भर्ना (शुल्क) उच्च हुनै पर्दछ”, एक वैदेशिक रोजगार एजेन्सीका प्रमुखले भने, “नत्र मानिसहरुले मनस्थिति परिवर्तन गरिहाल्छन् नि । अनि 'सजिलो' काममा जानका लागि भाग्दछन्, र रोजगारदाताले त्यसरी श्रमिक भागेर उसलाई भएको घाटाको क्षतिपूर्ति गर्न हामीलाई भन्दछ ।” यसप्रकारको सोचले आप्रवासी श्रमिकहरुलाई मानिसको जस्तो नभै वस्तुको जस्तो व्यवहार गर्ने व्यवसायिक अभ्यासलाई बढावा दिने गर्दछ ।

जबश्रमिकहरु व्यवसायीहरुसँग शोषणयुक्त सम्बन्धमा प्रवेश गर्दछन्, तव उनीहरुलाई विदेश जाँदा लागेको ऋण सजिलै तिर्न सकि हालिन्छ नि भनी व्यवसायीहरुले भन्ने गर्दछन् । एम्नेस्टी इन्टरनेसनलसँग कुराकानी गरेका धेरैजसो श्रमिकहरुलाई ऋण चुक्ता गर्न उनीहरुलाई जति समयसम्ममा सकिन्छ भनिएको थियो, त्यो भन्दा बढी समय लागेको थियो । केही आप्रवासी श्रमिकहरुलाई त वैदेशिक रोजगारीको प्रक्रियामा लागेको ऋण तिर्न उनीहरु विदेशमा रहेको कुलमध्ये आधा वा त्यो भन्दा बढी अवधिसम्मको समय लागेको थियो । एम्नेस्टी इन्टरनेसनलले १३ जना त्यस्ता आप्रवासी श्रमिकहरुको अन्तर्वार्ता गऱ्यो जसले भर्नाको क्रममा भएको ज्यादती र ठूलो मात्रामा ऋण थपिँदै गएको कारण जग्गा, घर र अन्य सम्पत्ति बिक्री गर्नु परेको थियो र तत्पश्चात् चरम आर्थिक संकटको दुष्चक्रमा परेका थिए ।

वैदेशिक रोजगार व्यवसायीहरुले आप्रवासी श्रमिकलाई अधिक शुल्क असुल्ने मात्र होइन, उनीहरुले श्रमिकलाई ज्यादती र शोषणयुक्त अन्य व्यवहारहरु गर्ने गर्दछन् । जसले गर्दा अधिक शुल्क र ऋणको साथसाथै उनीहरु मानव बेचविखन र

जबरजस्ती श्रमजस्ता गम्भीर प्रकृतिका जोखिममा धकलिन पुग्दछन् । यस प्रतिवेदनका लागि अन्तर्वार्ता गरिएका सबैमा सबैजसो नै आप्रवासीहरु अधिक शुल्क असुलीका अतिरिक्त केही निश्चित प्रकृतिका मानवअधिकार ज्यादतीमा परेका थिए, जसमा निम्न कुराहरु थिए :

- विदेशमा उनीहरुको कामको प्रकार तथा सेवासुविधामा धोका;
- पासपोर्ट नियन्त्रणमा लिने;
- भर्ना शुल्क फिर्ता नगरिकनै वैदेशिक रोजगारीमा पठाउने प्रक्रिया रद्द गरिदिने वा ढिलो गरेर पठाउने; र
- करार सम्झौतापत्र र रसिद लगायतका अत्यावश्यक कागजपत्रहरु दिन अस्वीकार गर्ने ।

मानवअधिकारको सम्मान गर्नु र त्यसका लागि आवश्यक विशेष उपायहरु अपनाउनु कम्पनीहरुको दायित्व हुन आउँछ । एम्नेस्टी इन्टरनेसनलले दस्तावेजीकरण गरेका धेरैजसो घटनाहरुमा वैदेशिक रोजगार एजेन्सीहरुले उनीहरुको व्यवसायिक गतिविधि र सम्बन्धका कारणले गर्दा मानव बेचविखन वा जबरजस्ती श्रम जस्ता अवस्था सिर्जना हुन नदिनका लागि आवश्यक उपायहरु अवलम्बन गरिएको छ भन्ने कुराको ज्यादै कम मात्र प्रमाणहरु रहेका छन् । एम्नेस्टी इन्टरनेसनलले ६४ वटा त्यस्ता घटनाहरु फेला पारेको छ जसमा वैदेशिक रोजगार एजेन्सीहरुले उनीहरुलाई प्रस्ताव गरेको काममा जान स्वीकार गरेपछिको अवस्थामा नेपाली आप्रवासीहरु जबरजस्तीश्रमको चेपुवामा परेका थिए । एम्नेस्टी इन्टरनेसनलले २२ जना श्रमिकहरुको वेचविखनमा वैदेशिक रोजगार व्यवसायीको प्रत्यक्ष संलग्नता रहेको प्रमाणहरु पनि फेला पारेको थियो ।

नेपालका स्थानीय एजेन्टहरु र श्रमिकको भर्ना गर्ने एजेन्टहरु आफू पक्राउ वा कारवाहीमा परिएला भन्ने कुराको कुनै डरभर बिना नै आप्रवासीहरुलाई झुक्याउन र शोषण गर्न सफल भएका छन् । वैदेशिक रोजगारीको नियमन गर्ने काम जसमा प्रहरीलाई समेत धेरै भूमिका दिइएको छैन, ती कामका लागि ज्यादै धेरै एकाधिकार पाएको निकाय वैदेशिक रोजगार विभागले नेपालका ७५४ वटा वैदेशिक रोजगार एजेन्सीहरुको गत वर्ष फगत १२० पटक मात्रै अनुमगन भ्रमणहरु गर्‍यो । जबकी ती एजेन्सीहरुले ४,००,००० भन्दा बढी आप्रवासी श्रमिकहरुलाई विदेश पठाएका थिए । वैदेशिक रोजगारीमा जाने उपर दिनैपिच्छे ज्यादतीहरु भएका प्रमाणहरु नागरिक समाजका तर्फबाट बारम्बार प्रकाशमा ल्याइएको भए पनि नेपाली कानुनको वैदेशिक रोजगारजन्य कसुरमा ज्यादै न्युन अनुपात - ११% - एजेन्सीलाई मात्र जरिवाना गरिएको थियो । व्यवासायिक लापरवाही गरेको कारण ती सबै एजेन्सीहरुले कुल १३,३१८ अमेरिकी डलर बराबरको जरिवाना तिरे जुन आफैँमा १० देखि १५ जना आप्रवासी श्रमिकहरुले तिरेको भर्ना शुल्क बराबरको रकम मात्र हो । गत वर्ष आप्रवासी श्रमिकहरुले एजेन्सीहरुका विरुद्धमा२,००० भन्दा बढी उजुरी दर्ता गराएका थिए । तर केवल चारवटा एजेन्सीका मुद्दाहरुमात्र सुनुवाईका लागि वैदेशिक रोजगार न्यायाधिकरणमा पठाइएको थियो ।

नेपालको कानुन कार्यान्वयनको कमजोरीले आप्रवासी श्रमिकहरु उपर ज्यादै जटिल असर पारेको छ । त्यसमाथि पनि उनीहरु शोषणमा पर्दा क्षतिपूर्ति पाउनमा विद्यमान कठिनाइले गर्दा यो असर अझ गहिरिएको छ । वैदेशिक रोजगार एजेन्सीहरुले गरेको अत्याचारका कारण आर्थिक नोक्सानी र क्षति भएको भनी गएको चार वर्षको अवधिमा नेपाली आप्रवासी श्रमिकहरुले गएको तीन करोड ५१ लाख अमेरिकी डलर बराबरको रकम मागदावी गरेका थिए । तर दावी रकमको २०% भन्दा पनि कम मात्र उनीहरुको हातमा परेको थियो । कानुनी सहायता प्रदान गर्नेहरुको भनाइ अनुसार वैदेशिक रोजगार विभागमा दर्ता गरिने आप्रवासी श्रमिकहरुको प्रायजसो उजुरीहरु प्रमाणको अभावमा कमजोर हुने गर्दछन् र त्यसो हुनुमा वैदेशिक रोजगार एजेन्ट र एजेन्सी दुवैले त्यस्ता ज्यादतीलाई प्रमाणित गर्न सक्ने प्रमाणहरु, जस्तै रसिद वा करारपत्रहरु, उनीहरुको हातमा पर्नै नदिनु नै प्रमुख कारण हो ।

जवाफदेहिता सुनिश्चित गराउनमा देखिएको सरकारी विफलताको कारणले गर्दा व्यवसायिक वातावरण यस्तो भएको छ जहाँ 'इथिकल रिक्रुटमेन्ट मोडल' (स्वच्छ भर्ना प्रणाली) नै प्रोत्साहित हुन सकेको छैन । "मानिसहरु छिटोछिटो पैसा कमाउनका लागि यस व्यवसायमा प्रवेश गरेका छन्," एकजना नेपाली अभियन्ताले बताए, "भर्ना हुन लागेका र वैदेशिक रोजगारीमा जान लागेकाहरुको अधिकारको सम्मान हुन्छ भन्ने सुनिश्चितता नै गरिएको छैन ।" वैदेशिक रोजगार एजेन्सीहरु आफ्नो कमजोरी वा आफूमाथिको आलोचना तुरुन्तै ग्रामिण भेगका एजेन्टहरु र विदेशमा रहेकाहरुतिर पन्छाउने गर्दछन् । श्रमिकहरुसँग कानुन विपरित सीमाभन्दा बढी शुल्क असुल्ने वा भर्ना प्रक्रियाको पहिलो चरणमा उनीहरुलाई कामको बारेमा गलत सूचनादिने काम आफूले गरेको नभै स्थानीय एजेन्टहरुले गरेको भनी एजेन्सीहरुले आरोप लगाउने गरेका छन् । उता स्थानीय एजेन्टहरु भने वैदेशिक रोजगार एजेन्सीहरु विदेशमा रहेको उनीहरुको ग्राहकका लागि सक्दो चाँडो श्रमिकहरु भर्ना गरिदिने कुरामा मात्र लालाहित हुने गरेका भनी प्रतिवाद गर्दछन् ।धेरैजसो एजेन्सीहरुले यो पनि दावी गरे कि खाडी र दक्षिणपूर्वी एसियाको विकसित अर्थतन्त्रमा कामका लागि तीव्र प्रतिस्पर्धा रहेको हुँदा गन्तव्य मुलुकका मानव संसाधन म्यानेजर र श्रमिक आपूर्ति गर्ने कम्पनीहरुले "कमिसन" (जसलाई "किकव्याग्स् अर्थात् घुस" पनि भन्ने गरिन्छ) माग्ने गर्दछन् । कुन नेपाली एजेन्सीलाईश्रमिक भर्ना गर्न जिम्मा दिने भन्ने निर्णय गर्नुपूर्व नै कमिसनको कुरा हुने दावी पनि एजेन्सीहरुले गरे । एक वैदेशिक रोजगार एजेन्सीका निर्देशकले अनुसन्धानकर्ताहरुलाई भने, "मसँग दुईवटा विकल्प छन्, डिमाण्ड लेटरको लागि घुस दिने र त्यो रकमको पुर्ताल गर्न श्रमिकहरुबाट असुल गर्ने वा व्यवसाय नै छाड्ने, किनकी यसको सञ्चालन खर्च ज्यादै धेरै छ ।"

## विदेशमा अलपत्र : पीडामाथिको दोहोरो पीडा र “स्वदेशफिर्ती खर्च” को भार

कामको सेवासर्तहरु प्रारम्भमा गरिएको सम्झौतापत्रमा उल्लेख गरिएको भन्दा फरक गरिएको पाइएमा त्यस्ता श्रमिकहरुको स्वदेश फिर्ती खर्च सम्बन्धित नेपाली वैदेशिक रोजगार एजेन्सीले तिर्नु पर्ने व्यवस्था वैदेशिक रोजगार ऐनमा गरिएको छ । तथापि एम्नेस्टी इन्टरनेसनलले त्यस्तो एउटा पनि घटना फेला पारेन जहाँ त्यस्तो अवस्थामा परेका श्रमिकहरुलाई फिर्ता ल्याउने दायित्व पूरा गर्न सम्बन्धित श्रमिक भर्ना गर्ने एजेन्सीले त्यस्तो काम गरेको होस् ।

आप्रवासीश्रमिकहरु त्यतिबेला झन दोहोरो हिसावले पीडित बन्न पुग्दछन् जब उनीहरु शोषणयुक्त कामको अवस्थाका कारण कष्ठ भोगिरहेका हुन्छन् र त्यसबेला उनीहरुलाई भर्ना गर्ने एजेन्सी एवं सरकारले पनि कुनै वास्ता गर्दैन । गन्तव्य मुलुकका अवरोधजन्य अध्यागमन कानुन, दमनकारी प्रहरी, र उजुरी गर्नका लागि विद्यमान अन्य अवरोधका कारणले गर्दा नेपाली आप्रवासी श्रमिकहरुलाई त्यहाँका कानुन कार्यान्वियन गर्ने निकाय वा अध्यागमनका अंगहरुबाट सहायता लिन वा आफू विरुद्ध भएको श्रम अधिकार ज्यादतीको विषयमा श्रम अदालतमा उजुरी दिन समेत व्यवधान आइपर्ने गर्दछ । नेपाल फर्कनको लागि पैसा कमाउन वा सापटी लिन प्रयास गरिरहेका शोषणमा परेका श्रमिकहरु अझ उल्टै अध्यागमनजन्य अपराध गरेको भनी पक्राउ, थुना, र मुद्दा खेप्नु पर्ने जोखिममा पर्दछन् । कयौं अनडकुमेन्टेड श्रमिकहरुले कसरी उनीहरुलाई अनौपचारिक “उद्धार एजेन्ट” खोजी गर्न वाध्य पारियो र त्यस्ता एजेन्टहरुले उनीहरुलाई घरफिर्ती यात्राको चाँजोपाँजो मिलाइदिए बापत कसरी चर्को रकम असुले भनेर एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुलाई बताए ।विदेश जानु अघि तिरिएको भर्ना शुल्कका अतिरिक्त नयाँ ट्राभल डकुमेन्टको चाँजोपाँजो मिलाउन र घरफिर्ती हुन आवश्यक कानुनी एक्जिट पर्मिट व्यवस्था गर्न, हवाइ टिकट किन्न, अध्यागमनमा जरिवाना तिर्न, र एजेन्टको शुल्क जस्ता विभिन्न प्रकारका कामका लागि“उद्धार एजेन्ट” हरुलाई ६०९ देखि ४,००० अमेरिकी डलरसम्म तिरेको कुरा आप्रवासी श्रमिकहरुले बताए ।

## नेपालको शोषणयुक्त भर्ना प्रक्रियाको विरोध गरिँदै

कामका खातिर यति ठूलो संख्यामा मानिसहरु विदेसिदै गरेको सन्दर्भमा वैदेशिक रोजगारी गमन प्रक्रियाको पाइलापाइलामा हुने चरम ज्यादती रोक्न नेपालीहरुले सरकारलाई दबाब दिने काम बढाउँदै आएका छन् ।

सन् २०१५ को जुलाई (२०७२ असार) देखि कार्यान्वयनमा आएको “निःशुल्क भिसा, निःशुल्क टिकट” नीतिको कारणले श्रमिकहरु भर्ना गर्ने एजेन्ट र एजेन्सीले उनीहरुबाट असुल्न पाउने शुल्कसीमामा उल्लेख्य परिमाणमा संकुचन आउने विश्वास गरिएको थियो । सो नीति अनुसार नेपाली श्रमिकहरु भर्ना गर्न चाहने कुनै वैदेशिक रोजगारदाताले नै उनीहरुको हवाई टिकट र भिसा शुल्क बापतको रकम तिर्नु पर्दछ । उक्त नीतिले सेवा शुल्क बापत श्रमिक भर्ना गर्ने कम्पनीले उनीहरुसँग लिन पाउने शुल्कको सीमा पनि घटाएको छ । नेपालीश्रमिकहरु लैजाने मुख्य सातवटा गन्तव्य मुलुकमा श्रमिक भर्ना गरिँदा यो नीति लागू हुन्छ । तोकिएको सीमाभन्दा अत्यधिक शुल्क लिने र धान्नै नसक्ने ऋणको समस्या व्यापक भएपछि त्यस्ता समस्या सम्बोधन गर्न जनदवाव बढे पश्चात् श्रम तथा रोजगार मन्त्रालयले यो नीति ल्याएको थियो ।

हुन त “निःशुल्क भिसा, निःशुल्क टिकट” नीति मात्रैले नेपाली आप्रवासी श्रमिकहरु उपर भैरहेको शोषणको अन्त्य गर्न सक्दैन । तरपनि यदि यो नीति प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिएमा यसले आप्रवासी श्रमिक उपर हुने ज्यादतीको जोखिम घटाउन र आप्रवासनसँग सम्बन्धित निर्णयमा उनीहरुको आफ्नो नियन्त्रण कायम राख्ने अवसर प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्न सक्दथ्यो । यो नीति आफैँमा श्रमिक भर्नामा पूर्ण शून्य लागतको दिशातर्फको पहिलो महत्वपूर्ण कदम पनि हुने थियो । यद्यपि सो नीति कार्यान्वयको सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलले मूल्याङ्कन गर्दा नेपाल सरकार त्यसको प्रभावकारी अनुगमन गर्न वा पालना गराउन विफल भएको देखियो । अनुसन्धानकर्ताहरुले अन्तर्वार्ता गरेका यो नीति लागू भए पछि विदेश जाने जति पनि श्रमिकहरु थिए, ती मध्ये एकजनाले पनि “निःशुल्क भिसा, निःशुल्क टिकट” को नीति पालना गर्ने एउटा पनि एजेन्ट वा एजेन्सी फेला पार्न नसकेको बताए । नेपाली वैदेशिक रोजगार एजेन्सीहरुले यो नीतिले उनीहरुको व्यवसायमा नकारात्मक प्रभाव पार्ने भएको कारण यसलाई कार्यान्वयन नगरिने कुरा अनुसन्धानकर्ताहरुसँग खुला रुपमा बताए । नेपालका व्यवसायीहरुको मुख्य संगठन वैदेशिक रोजगार व्यवासायी संघले यो नीतिको विरोधलाई निरन्तरता दिएको छ र उसले कयौं उद्योगगत हड्तालहरु एवं श्रमिकहरुलाई विदेश पठाउने काम ठप्प हुने गरी बन्द आयोजना पनि गरेको थियो । ती हड्तालहरु मार्फत् सरकारले हरेक गन्तव्य मुलुकसँग उक्त नीतिमा उल्लेखित प्रावधानहरु स्पष्टसँग उल्लेख गरी नयाँ श्रम सम्झौता नगर्दासम्म सो नीति खारेज गर्न संघले माग राखेको थियो ।

“निःशुल्क भिसा, निःशुल्क टिकट” नीति कायमै रहेको भनिएता पनि सरकारले यस नीतिलाई क्रियान्वीत अवस्थामा राखिनै रहनआवश्यक स्रोत लगानी नगरेको तथा कार्यान्वयन गराउनेतर्फ जोड नदिएको एम्नेस्टी इन्टरनेसनलले पायो । खासगरी वैदेशिक रोगार व्यवसायीहरुद्वारासो नीति अनुरुप काम गरिने सुनिश्चित गर्ने सन्दर्भमा त्यस्तो अवस्था देखिएको हो । वैदेशिक व्यवसायको मुनाफा आर्जनमा र समग्र श्रम बजारमा नेपालको प्रतिस्पर्धात्मक क्षमतामा नकारात्मक प्रभाव पारेको भनी त्यस नीतिप्रति नेपाल सरकारका अधिकारीहरुले नै विमती राखेकोप्रति एम्नेस्टी इन्टरनेसनका अनुसन्धानकर्ताहरु अचम्मित भएका थिए । सरकारले वैदेशिक रोजगार व्यवसायीहरुको अवरोध हटाउन गम्भीर प्रयासहरु गर्नुको साटो बरु त्यो नीति नै फिर्ता गर्ने संकेतहरु देखायो ।

त्यसो त यो कुरा पनि आत्मसात गर्न उत्तिकै महत्वपूर्ण छ कि नेपाल सरकार र नेपालमा रहेका नीजि वैदेशिक रोजगार एजेन्ट एवं व्यवसायीहरु आप्रवासीश्रमिकहरुको संरक्षणको जिम्मेवारी वहन गर्ने केही निकायमात्रै हुन् । नेपाली आप्रवासी श्रमिकहरु भित्र्याउने गन्तव्य मुलुकका सरकार, श्रमिक भर्ना गर्नेहरु, र रोजगारताहरुको पनि नेपाली मजदुरहरु एवं अन्य सबै आप्रवासी श्रमिकहरुलाई उनीहरुको अधिकारको गम्भीर र व्यवस्थित ज्यादती हुनबाट संरक्षण प्रदान गर्ने दायित्व रहन्छ । यो प्रतिवेदनले खासगरी आफ्ना नागरिकहरु उपर नेपालको दायित्वको बारेमा उल्लेख गरेको भएतापनि कतार र मलेसिया जस्ता गन्तव्य मुलुकहरुमा पनि यसअघि एम्नेस्टी इन्टरनेसनलले गरेको मानवअधिकार अनुसन्धानबाट नेपाली र अन्य आप्रवासी श्रमिकहरु ती देशमा कार्यरत रहँदाको अवधिमा उनीहरुको संरक्षणमा देखिएको कमजोरीहरुका बारेमा चर्चा गरिएको छ । एम्नेस्टी इन्टरनेसनलका ती देशहरुको अनुसन्धान प्रतिवेदनले त्यहाँका राष्ट्रिय कानुन र अभ्यासहरुका कारण कसरी आप्रवासी श्रमिकहरु उपर रोजगारदाताले शोषण र ज्यादती गरिरहेका छन् भन्ने कुराहरुलाई उजागर गरिएको छ ।

यस्तै अवस्थाहरुले गर्दा नेपाली श्रमिकहरुले ऋण बन्धक र थप शोषणमा पर्ने उच्च सम्भावनाकाबीच वैदेशिक रोजगारीमा जाने प्रक्रिया थाल्नु पर्ने छैन भनी नेपाल सरकार र यहाँका श्रमिक भर्ना गर्ने व्यवासयहरुले सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई पुष्टि गरेको छ । यस प्रतिवेदनले “निःशुल्क भिसा, निःशुल्क टिकट” जस्ता नीतिहरुले थप प्रभावकारी ढङ्गबाट काम गरुन् भन्नका लागि त्यस्ता नीतिहरुमा उल्लेखित प्रावधानहरु गन्तव्य मुलुकहरुले नेपाल बाहिर पनि कार्यान्वयन गर्ने कुराको सुनिश्चितता गरिनु पर्ने कुरामा समेत जोड दिएको छ ।नेपाल सरकारले यो नीति कार्यान्वयनका लागि लक्षित गरिएका सबै सातवटै गन्तव्य मुलुकसँग नयाँ सम्झौता गर्न वा विद्यमान सम्झौतामा परिमार्जन गर्न ठोस पहल गर्नु पर्दछ ।

आप्रवासी श्रमिकहरुको अधिकारको सम्मान र संरक्षण गरिने वातावरण सीर्जना गर्न एम्नेस्टी इन्टरनेसनल नेपाली अधिकारीहरुसँग अनुरोध गर्दछ । त्यस्तै नेपालीहरुले ऋणको बन्धक, बेचविखन र जबरजस्ती श्रमको अवस्थामा परिने त्रास रहित भई वैदेशिक रोजगारीमा जान पाउने वातावरण निर्माण गर्नका लीगि समेत एम्नेस्टी इन्टरनेसनल आग्रह गर्दछ । त्यसका लागि निम्नानुसारका कदमहरु प्रमुख हुन आउँदछन् :

शून्य लागतमा श्रमिक भर्ना गर्ने प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याई आप्रवासी श्रमिकहरुमा रहेको जबरजस्ती श्रम र अन्य प्रकारका ज्यादतीको जोखिम घटनाउन :

पहिलो कदमको रुपमा, “निःशुल्क भिसा, निःशुल्क टिकट” नीति कार्यान्वयनका निम्ति पूर्ण मात्रामा लगानी गर्ने र वैदेशिक रोजगार ऐनको दफा ५३ अनुसार सरकारले तोकेको अधिकतम सीमाभन्दा बढी भिसा शुल्क, सेवा शुल्क र प्रचारप्रसार लागत असुल गर्ने वैदेशिक रोजगार एजेन्सीहरुलाई तोकिए बमोजिमको कारवाही गर्ने ।

श्रमिक भर्ना गर्ने एजेन्सीले श्रम स्वीकृतिका लागि पेश गर्ने निवेदनका कागजात पेश गर्दा त्यसको साथमा जति लिइएको हो त्यति रकम शीर्षकगत रुपमा उल्लेख गरिएको रसिद पनि पेश गर्नु पर्ने र आप्रवासी श्रमिकले आफूले पैसा तिरेको त्यस्तो रसिद अनलाईन प्लाटफर्ममा हेर्न सक्ने व्यवस्था मिलाउने ।

नेपालको “निःशुल्क भिसा, निःशुल्क टिकट” नीति विदेशस्थित रोजगारदाताबाट पालना गराउने सुनिश्चितताका लागि आवश्यक प्रक्रिया कार्यान्वयनको व्यवस्था गर्न गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता गर्ने, जसमा रोजगारदाताको व्यवसायमा काम गर्न जाने आप्रवासी श्रमिकहरुको हवाई टिकट र भिसा खर्च रोजगारदाताले नै तिर्नु पर्ने प्रावधान अनिवार्य रुपमा समावेश गर्ने ।

पारदर्शी र सहजै पहुँच गर्न सकिने त्यस्तो प्रणालीको विकास गर्ने जसका कारण आप्रवासी श्रमिकहरुले उनीहरुलाई भर्ना गर्ने एजेन्सी र अन्यबाट आफू विदेश जानुपूर्व लिएको सेवा वापत तिर्नु पर्ने सबै रकम अनलाईनबाटै भुक्तानी गर्न सकुन् ।

वैदेशिक रोजगार एजेन्सी र आप्रवासन सम्बद्ध व्यवासयहरु - जस्तै : मेडिकल क्लिनिक, ट्राभल एजेन्सी, र बीमा कम्पनीहरु - लाई नियमन गर्ने सरकारी मापदण्डको सामञ्जस्यता कायम राख्ने ताकि तोकिए भन्दा बढी आप्रवासन शुल्क असुली र आप्रवासी श्रमिकहरुलाई गरिएको शोषणको थप प्रभावकारी ढङ्गबाट सम्बोधन गर्न सकियोस् ।

श्रम तथा रोजगार मन्त्रालयले एक सर्कुलर पठाई जिल्ला प्रहरी र स्थानीय निकायहरुलाई श्रमिक भर्ना गर्ने विभिन्न तह र चरणहरुको अनुगमनमा सहयोग गर्न अनुरोध गर्ने ।


# २. अनुसन्धान विधि

नेपाली आप्रवासी श्रमिकहरुको अधिकारको अवस्था सम्बन्धी अनुसन्धान गर्ने आफ्नो कामको सिलसिलामा एम्नेस्टी इन्टरनेसनलले फेब्रुवरी २०१६ देखि मे २०१७ को बीचमा तीन पटक नेपाल भ्रमण गर्‍यो । अनुसन्धानकर्ताहरुले नेपाली

आप्रवासी श्रमिकहरुको लागि प्रमुख मध्येको एक गन्तव्य मुलुकको रुपमा मलेसियाको समेत नोभेम्बर १०१६ र अप्रिल २०१७ मा भ्रमण गरे ।

अनुसन्धानको प्रमुख साइट नेपालमा एम्नेस्टी इन्टरनेसनलले कुल २०५ जनाको अन्तर्वार्ता गऱ्यो जसमा आप्रवासनको प्रक्रियामा फरक फरक पृष्ठभूमि र भूमिका भएकाहरु समाविष्ट थिए । अन्तर्वार्ता गरिएकाहरुमा वैदेशिक रोजगारीमा जान तयारी गरिरहेका १७ जना र विगत ५ वर्षको अवधिभित्र विदेशमा काम गरी फर्केका ११० जना आप्रवासी श्रमिकहरु; प्रवासीहरुको अधिकारका लागि कार्यरत स्थानीय अभियन्ता र सेवा प्रदायकहरु; १८ जना स्थानीय सरकारी र ११ जना केन्द्रीय सरकारी निकायका अधिकारीहरु; चारजना स्थानीय ब्रोकरहरु र १९ जना श्रमिक भर्ना गर्ने नीजी एजेन्सीका प्रतिनिधिहरु; श्रमिक भर्ना र वैदेशिक रोजगारीको विषय हेर्ने स्थानीय सञ्चारकर्मीहरु; आप्रवासन सम्बन्धी संयुक्त राष्ट्रसंघीय विज्ञहरु; र नेपाली आप्रवासी श्रमिकहरुलाई सहायता र संरक्षण गर्न प्रयासरतहरुलाई आर्थिक सहयोग पुऱ्याइरहेका अन्तर्राष्ट्रिय दाताहरु थिए ।

अनुसन्धान कार्य थालनी गर्नुपूर्व एम्नेस्टी इन्टरनेनसलनले काममा गई फर्केका र जान तयारी गरिरहेका आप्रवासी श्रमिकहरुसँग विस्तृत तवरले अन्तर्वार्ता गर्ने प्रयोजनको लागि नेपालका विभिन्न ८ जिल्लाको पहिचान गरेको थियो । तलको नक्सामा देखाइए अनुसारका ती जिल्लाहरुमा कैलाली, गोरखा, धनुषा, सप्तरी, झापा, रुपन्देही, दाङ, र काठमाडौं थिए । भौगोलिक अवस्थिति, डकुमेन्टेड श्रमिकहरुको संख्या, र आप्रवासी श्रमिकहरुलाई काममा भर्ना गरिँदा भएका ज्यादती र मानव वेचविखनका प्रतिवेदनहरुको आधारमा ती जिल्ला छनोट गरिएको थियो ।




एम्नेस्टी इन्टनेसनलले अलग अलग ठाउँका र सामाजिक पृष्ठभूमि भएका व्यक्तिहरुलाई अन्तर्वार्ताका लागि छनोट गरेको थियो । अन्तर्वार्ता दिनेहरुको संख्यालाई उच्च र विविधतायुक्त बनाउन लक्षित सामूह छलफल (फोकस ग्रुप डिस्कसन) र व्यक्तिगत अन्तर्वार्ताका लागि व्यक्ति छनोट गर्दा उमेर, लिङ्ग, जात, र जातियता जस्ता सूचकहरुलाई आधार मानिएको थियो । लिइएका अन्तर्वार्ताहरुको आँकडाको गहिरो विश्लेषण सुनिश्चित गर्न अनुसन्धानकर्ताहरुले अनुसन्धान सफ्फवेयर ( एन.भी.आई.भी.ओ.) प्रयोग गरेका थिए ।

कुल १२७ मध्ये अधिकांश आप्रवासी श्रमिकहरुले आफ्ना घटना विवरणहरु लक्षित समूह छलफल (फोकस ग्रुप डिस्कसन) का माध्यमबाट बताएका थिए । यस्ता छलफलका समूहमा ६-१२ जना सहभागी थिए र ती समूहहरु लैङ्गिक आधारमा बनाइएको थियो । करीव एक तिहाई सामूहिक छलफल महिला समूहहरुसँग भएको थियो भने दुई तिहाई पुरुष समूहहरुसँग भएको थियो । वैदेशिक रोजगारीमा ठूलो अनुपातमा पुरुषहरु जाने राष्ट्रिय आँकडासँग वृहद तादात्म्यता कायम राख्न पनि एम्नेस्टी इन्टरनेसनले सो अनुपात कायम राखेको हो ।

कुल १२७ आप्रवासी श्रमिकहरुमध्येका ४७ जना (१६ जना महिला) लाई थप विस्तृत जानकारी लिने उद्देश्यले वृहद् अन्तर्वार्ताको लागि छनोट गरियो । यी हरेक वृहद अन्तर्वार्ताहरु डेढ देखि दुई घण्टाका दरले गरिएको थियो । अन्तर्वार्ता दिने धेरैजनाले एम्नेस्टी इन्टरनेसनललाई विभिन्न प्रमाणका कागजातहरु पनि उपलब्ध गराए जसमा उनीहरुले स्थानीय गैरसरकारी संस्था वा वैदेशिक रोजगार विभागको उजुरी शाखामा दर्ता गराएका उनीहरुको घटना विवरणपत्र; प्रहरीको

रिपोर्ट; ठगी वा अन्य प्रकारका ज्यादती सम्बन्धमा स्थानीय पत्रिकामा प्रकासित समाचार; रोजगारीको करारपत्र; भर्ना शुल्क तिरेको रसिद; हवाई उडानको आइटिनरेरी; ज्यादतीजन्य व्यवहार गर्ने वैदेशिक रोजगार एजेन्सीको विजीनेस कार्ड वा लेटरहेड; फोटो तथा भिडियो; र वैदेशिक रोजगार विभागबाट आप्रवासी श्रमिकहरुलाई उपलब्ध गराइएको एसएमएस सर्भिसबाट प्रमाणित श्रम स्वीकृति र भिसाको स्क्रीनसटलगायतका प्रमाणहरु थिए। धेरैजसो घटनाहरुमा अनुसन्धानकर्ताहरुले पाएका आप्रवासी श्रमिकहरुको मानव अधिकार र श्रमिक अधिकार हननकाआधारप्रमाणहरु अन्य स्थानीय र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरुको अनुसन्धानको निष्कर्षसँग समरुपको देखिएको छ।

अन्तर्वार्ता गरिएका रोजगारीबाट फर्केका ११० जना आप्रवासीमध्ये एक चौथाई एकपटक भन्दा बढी वैदेशिक रोजगारीमा गएकाहरु थिए भने धेरैजना तेस्रो वा चौथो पटक विदेश जाने प्रक्रिया मिलाउँदै गरेकाहरु पनि थिए। अनुसन्धानकर्ताहरुले खासगरी हालैका वर्षहरुमा वैदेशिक रोजगारीमा गएकाहरुलाई अन्तर्वार्ताको लागि खोजी गरेका थिए; ती ११० मध्ये १०८ जना सन् २०११ पछि विदेश गएर २०१६ अघि फर्केकाहरु थिए। आफ्नो गन्तव्य मुलुकको नाम उल्लेख गर्ने श्रमिकहरुमध्ये अधिकांश (३६ जना) मलेसिया गएर फर्केकाहरु थिए भने अरु कतार (१७); साउदी अरेविया (१७); संयुक्त अरव इमिरेट्स (११); कुवेत (६); लेवनान (२); इराक (३); बहराइन (१); र ताजकिस्तान (१) बाट फर्केकाहरु थिए।

अनुसन्धानकर्ताहरुले काठमाडौंस्थित निम्न अनुसारका सरकारी विभाग, मन्त्रालय र निकायका अधिकारीहरुसँग पनि अन्तर्वार्ता गरेका थिए, जसमा श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र विभाग, परराष्ट्र मन्त्रालय, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, राष्ट्रिय मानवअधिकार आयोग, वैदेशिक रोजगार न्यायाधिकरण, अध्यागमन विभाग, कन्सुलर मामला विभाग, महानगरीय अपराध अनुसन्धान डिभिजन, र महान्यायाधिवक्ताको कार्यालय रहेका छन्। अनुसन्धानका लागि छनोट गरिएका सबै ८ वटौ जिल्लाहरुमा गरी एम्नेस्टी इन्टरनेसनलले १८ जना स्थानीय अधिकारीहरुसँग भेट्यो, जसमा प्रमुख जिल्ला अधिकारीहरु, जिल्ला सरकारी वकिलहरु, जिल्ला प्रहरी कार्यालयका प्रमुखहरु र जिल्ला न्यायाधीशहरु थिए।

एम्नेस्टी इन्टरनेसनलले आप्रवासी श्रमिकसँग सम्बन्धित मुख्य मुख्य नीति कार्यान्वयनको अवस्था सम्बन्धमा जानकारी माग गर्दै वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डलाई फेब्रुवरी २०१७ मा लिखित प्रश्नावली पठायो। मार्च २०१७ मा ती दुवै कार्यालयहरुले प्रश्नको जवाफ पठाए जसलाई यस प्रतिवेदनको विश्लेषण गर्दा र निष्कर्ष निकाल्दा ध्यानमा राखिएको छ।

एम्नेस्टी इन्टरनेसनलले ४ जना स्थानीय ब्रोकर र २२ वटा नीजि वैदेशिक रोजगार एजेन्सी, जसलाई नेपालमा "म्यानपावर" एजेन्सी भनेर चिन्ने गरिन्छ, सँग पनि अन्तर्वार्ता गऱ्यो। यी मध्ये केहीलाई खास हिसावले एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिन चाहेको थियो किनकी निश्चित वैदेशिक रोजगार एजेन्सी उपर आप्रवासी श्रमिकले ज्यादती र/वा शोषण गरेको भनी आरोप लगाएका थिए। यसका अतिरिक्त एम्नेस्टी इन्टरनेसनलले वैदेशिक रोजगार व्यवासायी संघका प्रतिनिधिहरुसँग २०१६ को फेब्रुवरी र जुलाईमा, र २०१७ को मे मा समेत भेटेर कुराकानी गरेको थियो।

अनुसन्धानकर्ताहरुले नेपालमा श्रमिक भर्ना गर्ने प्रक्रियामा र वैदेशिक रोजगार सम्बन्धी काममा संलग्न कयौं अन्य व्यक्ति र संस्थाहरुसँग पनि अन्तर्वार्ता गरे जसमा सञ्चारकर्मी, ट्रेड युनियनका प्रतिनिधिहरु, स्थानीय कानुन व्यवसायीहरु, मानवअधिकारकर्मीहरु, स्थानीय संघसंस्थाका प्रतिनिधिहरु जसले मानवअधिकार ज्यादती र न्यायमा पहुँच र क्षतिपूर्तिका विषयमा जानकारीहरु दिएका थिए, र मलेसियाली राजदुतावासका प्रतिनिधि थिए।

मलेसियामा एम्नेस्टी इन्टरनेसनलले आप्रवासी श्रमिकहरुको अधिकारका लागि कार्यरत दसजना अभियन्ताहरु, दुई जना ट्रेड युनियन सदस्यहरु, नेपाली श्रमिकहरु झिकाउदै आएको एउटा श्रमिक आपूर्ति गर्ने कम्पनी, र नेपाली दुतावासका प्रतिनिधिहरुसँग अन्तर्वार्ता गरेको थियो। अनुसन्धानकर्ताहरुले नेपाली श्रमिकहरुको एक समूह बस्ने गरेको आवासको भ्रमण पनि गरेको थियो।

यो प्रतिवेदनका लागि सूचनाहरु उपलब्ध गराउनु हुने सबै जनाको सुरक्षाको खातिर, सबै आप्रवासी श्रमिकहरुको नाम परिवर्तन गरिएको छ। आफूसँग भएको गोप्य सूचना उपलब्ध गराउने अन्यको नाम पनि यसमा गोप्य राखिएको छ वा परिवर्तन गरेर उल्लेख गरिएको छ।

यो प्रतिवेदन तयारीका लागि योगदान गर्नुहुने सबैजना प्रति एम्नेस्टी इन्टरनेसनल आभार प्रकट गर्दछ। वहाँहरु खासगरी आफ्ना घटनाहरुको बारेमा बताउनुहुने आप्रवासी श्रमिकहरु, आप्रवासी श्रमिकहरुको अधिकारका लागि कार्यरत स्थानीय अभियन्ताहरु, संघसंस्था र सञ्चारकर्मीहरु जसले श्रमिकहरुद्वारा जटिल आप्रवासनको प्रक्रिया पार लगाउन र मानवअधिकार संरक्षित गर्न गरिएका संघर्षको बारेमा जानकारी गराउन उल्लेख्य समय प्रदान गर्नेहरु हुनुहुन्थ्यो। विशेष गरेर यो संस्था प्रनिका कोयू, रोसन सेढाईं र जेब्ली श्रेष्ठप्रति वहाँहरुले अनुसन्धान कार्यमा पुऱ्याउनु भएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दछ। अनुसन्धानकर्ताहरुसँग पटक पटक भेटघाट गरेको र यस संस्थाले विभिन्न सूचना उपलब्ध गराउन गरेको पटकपटको अनुरोध पश्चात् त्यस्ता सूचना दिन समय प्रदान गरेकोमा नेपाल सरकारप्रति पनि एम्नेस्टी इन्टरनेसनल आभार व्यक्त गर्दछ। अन्त्यमा, एम्नेस्टी इन्टरनेसनल प्रनिका कोयू र जेब्ली श्रेष्ठप्रति वहाँहरुले अनुसन्धान र यो प्रतिवेदन तयार गर्ने कार्यमा पुऱ्याउनुभएको सहयोगको लागि अत्यन्तै धेरै आभारी रहेको छ।

एम्नेस्टी इन्टरनेसनल मानवअधिकारको लागि विश्वव्यापी अभियान गर्ने संस्था हो । जब कुनै एकजना माथि अन्याय हुन्छ, तव त्यो हामी सबैको चासोको विषय बन्दछ ।


हामीलाई सम्पर्क गर्नुहोस्

info@amnesty.org

+44 (0)20 7413 5500

छलफलमा सहभागी हुनुहोस्

www.facebook.com/AmnestyGlobal

@Amnesty

# मानिसलाई मुनाफामा परिणत गरिँदै

## नेपाली आप्रवासी श्रमिकहरुको ज्यादतीयुक्त भर्ना, बेचविखन र जबरजस्ती श्रम

आफ्नो देशमा सन्तोषजनक कामको अवसर नभएका कारण दशौं लाख नेपाली नागरिकहरु रोजगारीका लागि विश्वव्यापी अर्थतन्त्रतर्फ उन्मुख भएका छन् । विदेशमा काम गर्नका लागि वर्षैपिच्छे ४,००,००० भन्दा बढी मानिसहरु बाहिरिने गरेसँगै आप्रवासन देशको आम्दानीको एक महत्वपूर्ण स्रोत बन्न पुगेको छ । तर आप्रवासी श्रमिकहरुले पठाउने उनीहरुको तलव देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) को एक तिहाई हिस्सा बारबर हुने भएतापनि राज्यको राष्ट्रिय बजेटमा भने आप्रवासी श्रमिकहरुको अधिकार संरक्षणको लागि कार्य गर्न व्यवस्था गरिएका सरकारी निकायहरुलाई अपत्यारिलो ढंगको न्युन अनुपातमा - १% भन्दा कम - वार्षिक विनियोजन गर्ने गरिएको छ । वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरुको भर्ना प्रक्रियाको कमजोर सरकारी अनुगमनका कारणले रोजगारीको लागि आतुर व्यक्तिहरु जालसाँझी, ठगी, बेचविखन र शोषणमा पर्न सक्ने अनगिन्ती सम्भावनाहरु पैदा गरेको छ ।

हालै लागू गरिएको सरकारी सुधार नीतिको बाबजुद दरिलो तवरले जरा गाडेर झाँगिएको नेपाली आप्रवासी श्रमिकहरु उपर हुने गरेको ज्यादतीको समस्या समाधान हुन नसकेका ताजा प्रमाणहरु यस प्रतिवेदनले उजागर गरेको छ । श्रमिक भर्ना गर्ने प्रक्रियाका क्रममा नेपालका स्थानीय एजेन्टहरु र वैदेशिक रोजगार व्यवसायीहरु आफू पक्राउ वा कारवाहीमा परिएला भन्ने कुराको डरभर बिना नै आप्रवासीहरुलाई झुक्याउन र शोषण गर्न सफल भएका छन् । आप्रवासी श्रमिकहरुको अधिकार संरक्षित गर्न, र श्रमिक भर्ना गर्ने व्यवसायीहरुले उनीहरुबाट असुल गर्न पाउने रकमको परिमाणमा ठूलो मात्रामा कटौती गर्नका लागि सरकारले ल्याएको नयाँ नीति कार्यान्वयनका लागि पर्याप्त स्रोतको व्यवस्था गरिएको, कार्यान्वयनपक्षको अनुगमन गरिएको, वा नीति लागू गरिएको नै पाइएन । आप्रवासन प्रक्रियाको सुरुदेखि अन्त्यसम्म नै आप्रवासी श्रमिकहरुउत्रनै नसक्ने गरी ऋणको भार, जबरजस्ती श्रम, र विभिन्न प्रकारका शोषणको जोखिममा पर्ने गरेका छन् ।

यस प्रतिवेदनले आप्रवासी श्रमिकहरु उपर सम्मानित र मर्यादित व्यवहार सुनिश्चित गर्न, र उनीहरुमाथि वैदेशिक रोजगार गमनका क्रममा धोकाधाडी, ऋणग्रस्तता र करकापको गुञ्जायस नरहोस् भन्नका खातिर नेपाल सरकार, गन्तव्य मुलुकका सरकारहरु र व्यवसायहरुलाई विभिन्न सिफारिसहरु पनि गरेको छ ।

INDEX: ASA 31/6206/2017
MONTH/YEAR: JUNE 2017
LANGUAGE: NEPALI



AMNESTY INTERNATIONAL